FOR NEPALI BY NEPALI

नेपालीका लागि नेपाली

NON-RESIDENT NEPALI ASSOCIATION (NRNA) UK

गैर आवासीय नेपाली संघ, यूके

मिति २८ जनवरी २०२६

आदरणीय महेश श्रेष्ठ ज्यू
अध्यक्ष, गैर आवासीय नेपाली संघ
बालुवाटार, काठमाडौं

**विषय : अन्तिम चेतावनी तथा ध्यानाकर्षण सम्बन्धमा ।**

गैरआवासीय नेपाली संघ (एनआरएनए) युके स्थापनाकालदेखि नै संस्थागत एकता, विधिको शासन, आर्थिक पारदर्शिता तथा सदस्यहरूको हितप्रति पूर्ण रूपमा प्रतिबद्ध रहँदै आएको स्पष्ट गर्दछ। यही लोकतान्त्रिक मूल्य र संस्थागत जिम्मेवारीको भावना अनुरूप, सन् २०२५ मा गैरआवासीय नेपालीहरूको व्यापक एकता र तथ्य संकलनका उद्देश्यले निःशुल्क सदस्यता ***(Free Membership)*** वितरण गरी आ-आफ्ना राष्ट्रिय समन्वय परिषद ***(NCC)*** मार्फत एकता अधिवेशन सम्पन्न गरिएको विषय सर्वविदितै छ।

नेपालको सर्वोच्च अदालतको परमादेशअनुसार गठित उच्चस्तरीय समितिको प्रत्यक्ष समन्वयमा *३-५ मे २०२५* मा सम्पन्न एकता महाधिवेशनका क्रममा अध्यक्षका प्रत्यासी महेश श्रेष्ठ र थर्क सेनबीच पाँच बुँदे लिखित सम्झौता भएको थियो। उक्त सम्झौतामा उल्लेखित शर्तहरू अक्षरशः पालना गरिने स्पष्ट प्रत्याभूति पश्चात् मात्र थर्क सेनले महेश श्रेष्ठलाई अध्यक्षका रूपमा स्वीकार गर्नुभएको हो।

तर, सम्झौता भएको लामो समय भइसक्दा पनि उक्त सम्झौतामा समावेश गरिएको एउटा बुँदा बाहेक अन्य महत्वपूर्ण बुँदाहरू कार्यान्वयनमा नआएको प्रति हाम्रो गम्भीर आपत्ती छ । लिखित सम्झौताका महत्वपूर्ण शर्त नै कार्यान्वयन नहुद्या सम्झौताकै वैधानिकता र औचित्यमाथि गम्भीर प्रश्न उठेको छ।

यसै सन्दर्भमा एनआरएनए युकेका अध्यक्ष एवं भ्रष्टाचार विरोधी सामाजिक अभियन्ता प्रेम गाहा मगरको अगुवाइमा १८ जनवरी २०२६ मा बेलायतस्थित विभिन्न संघसंस्थाका प्रतिनिधि तथा विभिन्न क्षेत्रका विज्ञ व्यक्तित्वहरूको भेलाले निकालेको निष्कर्षअनुसार वंसजको नेपाली नागरिकताको निरन्तरताका लागि संयोजन गर्ने, आर्थिक हिनामिनाको छानविन गर्नुपर्ने मागसहित एनआरएनए युकेले निम्न विषयमा गम्भीर ध्यानाकर्षण गराउन आवश्यक ठानेको छ।

संस्थाभित्र लामो समयदेखि उठ्दै आएको गम्भीर आर्थिक अपारदर्शिता तथा सम्भावित अनियमितताका विषयहरू अझैसम्म छानविनको दायरामा नआउनु अत्यन्तै खेदजनक र चिन्ताजनक छ । विशेषतः, सन् २०१७ मा शेष घलेबाट संस्था हस्तान्तरण हुँदा खातामा रहेको करिब ३० करोड रुपैयाँभन्दा बढी रकम, विश्वभरका नेपालीहरूबाट 'एक एक डलर संकलन गरी खडा गरिएको कोष तथा एनआरएनए भवनबाट हुने आम्दानी (वार्षिक करिब ८० लाख रुपैयाँ) सम्बन्धी विवरण हालसम्म सार्वजनिक रूपमा पारदर्शी ढंगले प्रस्तुत नगरिनुले संस्थाको विश्वसनीयतामाथि गम्भीर प्रश्न खडा गरेको छ। सन् २०२० मा *ILO -169* मा करिब साढे ५ करोड रुपैयाँ घोटलाको छानविन र त्यसको हिसावकिताव सार्वजनिक नगरिनु, त्यसैगरी, सन् २०२२ मा एनआरएनए युकेका तत्कालीन अध्यक्ष प्रेम गाहा मगरको सहमति

119 Wren Way, Farnborough, GU14 8XJ | E: info@nrnauk.org,  www.nrnauk.org
Reg No: 14992575  | President: +44 7833507666  | E: president@nrnauk.org

र जानकारीबिना एनआरएनए आईसीसीमा पठाइएको ४० हजार पाउण्डको हालसम्म कुनै औपचारिक हिसाबकिताब सार्वजनिक नहुनु गम्भीर आर्थिक अपारदर्शिताको उदाहरण हो।

यस सन्दर्भमा, सम्झौताका साक्षीहरू– आईसीसी सल्लाहकार थर्क सेन, आईसीसी उपाध्यक्ष विश्वासदीप तिगेला, एनआरएनए युके अध्यक्ष प्रेम गाहा मगर, उपाध्यक्ष तिर्थबहादुर मल्ल (अनिल), महासचिव जुरेन्द्र लिम्बु तथा आईसीसी सदस्य शारदा गुरुङ लगायत सबै सरोकारवालाको गम्भीर ध्यानाकर्षण भएको छ। सम्झौताका बुँदाहरू कार्यान्वयन नगरेमा तथा आर्थिक हिनामिनाको निष्पक्ष र स्वतन्त्र छानविन नभएमा एनआरएनए युके प्रचलित कानुनअनुसार ठगी, विश्वासघात तथा पदको दुरुपयोगसम्बन्धी कानुनी प्रक्रिया अगाडि बढाउन बाध्य हुने स्पष्ट चेतावनी दिन चाहन्छ।

यसैगरी संसारभरी भएका ७२ हजार भन्दा बढी एचएलसीमा भएका गैरआवासीय नेपाली र बेलायतमा रहेका करिब २३ हजार पञ्जीकृत सदस्यहरूले दिएको जनादेश र भावना विपरीत, अध्यक्ष महेश श्रेष्ठले कुनै पनि साधारण सभा वा विधिसम्मत छलफल नगरी एकपक्षीय रूपमा बद्री केसी समूहसँग मिलेर 'एकताको महाधिवेशन'को नाममा गतिविधि अगाडि बढाउनु गम्भीर आपत्तिजनक कार्य हो। यसबाट २३ हजार सदस्यको मताधिकार, सहभागिता र म्यान्डेटको प्रत्यक्ष अवमूल्यन भएको एनआरएनए युकेको ठहर छ ।

नेपालमा हुन लागेको आम निर्वाचनलाई लक्षित गरी नयाँ सरकार गठन हुनुअघि नै जिम्मेवारीबाट पन्छिन खोज्ने दुवै पक्षको नियतमाथि गम्भीर प्रश्न उठाउँदै एनआरएनए युके सम्झौतामा उल्लेखित बुँदाहरू तत्काल कार्यान्वयन गर्न माग गर्दछ।

यस अन्तर्गत एकताको महाधिवेशन हुनु अघि ४ मेमा भएको थर्क सेन र महेश श्रेष्ठबीच भएका सम्झौताका बुँदाहरु

- *अध्यक्षका प्रत्यासी थर्क सेनलाई संरक्षक चयन गर्ने*
- *नागरिकताको निरन्तरता समिति निर्माण गर्ने र सो समितिको नेतृत्व एआरएनए युके राष्ट्रिय समन्वय परिषदलाई जिम्मेवारी दिने*
- *गत २३ मार्च २०२५ को दिन एआरएनए युके राष्ट्रिय समन्वय परिषद्को एकता अधिवेशनलाई यहि जारी एकताको महाधिवेशनबाट अनुमोदन गर्ने*
- *एनआरएनए आइसीसी भित्र आशंका गरिएका आर्थिक घोटलाको छानविन गर्ने समितिको नेतृत्व एनआरएनए युकेलाई दिने*
- *यसपटकको महाधिवेशनमा उम्मेदवार बनेका उपाध्यक्ष पदका प्रत्यासी विश्वास दीप तिगेलालाई सर्वसम्मत चयन गरिनुपर्ने*

लगायत सहमतिका बुँदाहरु पुनः स्मरण गराउन चाहान्छ। साथै ३-५ मे २०२५ मा भएको अधिवेशनका लागि संकलित रकम रु. ८३ लाख ६२ हजार दुई सय अठ्ठाइस २०८२ भदौ १३ गते बद्री केसीको अपारदर्शी समूहमा लैजान दिइएको होइन । सर्वोच्च अदालतले दिएको परमादेश अनुसार गत वर्ष मे मा भएको महाअधिवेशनको ८ महिना नबित्तै यसरी अर्को अवैधानिक महाअधिवेशन गर्न लागिएको हुँदा १८ जनवरीको बृहत भेलाले गरेको तपशीलका निर्णयको वेवास्ता गरि वा सम्बन्धित पक्षले १०

दिनभित्र उपयुक्त र चित्त बुझ्दो जवाफ नदिए एनआरएनए (युके) ले लगायत १४-१६ मार्चमा हुन लागेको अवैधानिक महाअधिवेशनको विपक्षमा रहका महेश श्रेष्ठ समूहका पदाधिकारी ज्यूहरु, समन्वय राज्य परिषदहरु (एनसीसी) र वंसजको नेपाली नागरिकताको निरन्तरता चाहने संसारभरी रहेका गैरआवासीय नेपालीहरु आवश्यक कानूनी प्रक्रियामा जान बाध्य हुनेछौं ।

अन्त्यमा, एनआरएनए युके एकताको विरोधी होइन। तर भ्रष्टाचार, आर्थिक अपारदर्शिता र राजनीतिक स्वार्थको जगमा उभिएको कुनै पनि तथाकथित ‘एकता’ हामीलाई कदापि स्वीकार्य छैन भन्ने कुरा स्पष्ट रूपमा अवगत गराउँदछौं ।

**बोधार्थ**
डा बद्री केसी,
गैर आवासीय नेपाली संघ, बालुवाटार, काठमाडौं

प्रेम गाहा मगर
अध्यक्ष

जुरेन्द्र खाजुम लिम्बु
महासचिव